प्रथम वार्षिक प्रतिवेदन

आ. व. २०७३/०७४

Reliable Life
INSURANCE LTD.
... Reliable Forever

Reliable Nepal Life Insurance Ltd.
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.

(कम्पनी ऐन, २०६३ र बीमा ऐन, २०४९ बमोजिम स्थापित)

रजिष्टर्ड (केन्द्रीय) कार्यालयः ज्ञानेश्वर, काठमाडौं, नेपाल

संचालक समिति

सि.ए. राजु कुमार शिवाकोटी
अध्यक्ष

डा. इन्दिरा मास्के श्रेष्ठ
संचालक

श्री श्रीराम ढकाल
संचालक

श्री इन्द्र प्रसाद शर्मा
संचालक

डा. प्रकाश भट्टराई
संचालक

श्री गौरव अग्रवाल
संचालक

श्री नारायणहरि अधिकारी
कम्पनी सचिव

वार्षिक साधारण सभा बस्ने बारे सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनी लि. को मिति २०७४/०८/०३ गते, सोमबारका दिन बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा देहायका विषय उपर छलफल हुने भएको हुनाले सम्पूर्ण शेयरधनी महानुभावहरूको अनिवार्य उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने स्थान : **Celebration's Banquet**, नक्साल, काठमाण्डौं ।
मिति : २०७४/०८/२८ गते, शुक्रबार
समय : दिउँसो १:०० बजे

छलफलका विषयहरू:

१ **सामान्य प्रस्तावहरू:**

क) संचालक समितीको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

ख) कम्पनीको आ.व.२०६४/०६५ देखि आ.व. २०७३/०७४ सम्मको लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,

ग) कम्पनीको आ.व. २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा,

घ) संचालकहरूको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा सम्बन्धमा,

ङ) स्वतन्त्र संचालक सम्बन्धमा,

च) संचालक समितीको निर्वाचन गर्ने सम्वन्धमा ,

२. **विशेष प्रस्ताव:**

क) कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावीत संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप जानकारी

१. सभामा आफैं उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र (प्रोक्सी) २०७४ पौष २५ गते मंगलबार कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीले तोकिएको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) को ढाँचा यस कम्पनीको सूचनापाटीमा समेत राखिएको छ ।

२. प्रोक्सी दिने शेयरधनी महानुभावले शेयरको लागि आवेदन दिंदाको समयमा आफुले यस कम्पनीमा गरेको सही मिल्नु पर्दछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

३. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।

४. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वमं आफैं साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा उक्त मुकरर गरिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनिई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नुहुनेछ ।

६. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुन अनिवार्य रूपमा साथमा लिई आउन अनुरोध छ, अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।

७. साधारण सभाको हाजिरी पुस्तिका अपरान्ह १२:३० बजे देखि खुल्ला रहनेछ ।

८. सुरक्षाको दृष्टिले शेयरधनी महानुभावहरू सभा स्थल आउँदा झोला, ब्याग जस्ता वस्तुहरू नल्याउन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

९. शेयरधनी महानुभावहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रूपमा उत्तर दिन सक्नेछ ।

१०. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय ज्ञानेश्वर, काठमाण्डौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

Reliable Nepal Life Insurance Ltd.
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.

को

प्रोक्सी फाराम

श्री संचालक समिति

रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड

ज्ञानेश्वर, काठमाडौं ।

म/बैंक/वित्तीय संस्था/कम्पनीले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७४ पौष २८ गते, शुक्रबारका दिन हुने वार्षिक साधारण सभामा यस म/बैंक/वित्तीय संस्था/कम्पनीबाट उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको हुनाले हाम्रो तर्फबाट भाग लिन/मतदान गर्नका लागि .... जिल्ला .... न.पा./गा.वि.स. वडा नं. .... बस्ने श्री .... लाई प्रतिनिधि नियुक्त गरी पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको	**निवेदक**
हस्ताक्षरको नमुना :	दस्तखत :
नाम :	नाम :
शेयरधनी भए शेयर प्रमाणपत्र नं. :	पद :
शेयरधनी नभए नागरिकता प्रमाणपत्र नं.	शेयर संख्या :
मिति :	शेयर प्रमाण पत्र नं.
	संस्थाको छाप

नोट : यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

विषय-सूची

१.	प्रथम वार्षिक साधारण सभाको सूचना	I
२.	साधारण सभा सम्बन्धी जानकारी	II
३.	प्रोक्सी फाराम	III
४.	कम्पनी परिचय	१
५.	परिकल्पना (Vision) अभियान (Mission)	१
६.	संचालक समितिको वार्षिक प्रतिवेदन	२
७.	लेखापरीक्षकको प्रतिवेदन	८
८.	आ.व. २०७३/०७४ को वासलात	१०
९.	आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाब	११
१०.	आ.व. २०७३/०७४ को नगद प्रवाह विवरण	१२
११.	आ.व. २०७३/०७४ को इक्यूटिमा भएको परिवर्तन सम्बन्धी विवरण	१३
१२.	अनुसूचीहरू	१४
१३.	प्रवन्धपत्र तथा नियमावलीमा संशोधन प्रस्ताव (तीन महले)	१९
१४.	जीवन बीमा योजनाहरू	२१

कम्पनीको परिचय

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड बीमा समिति तथा नेपाल सरकारबाट ईजाजत प्राप्त गरी देशका प्रतिष्ठित अर्थशास्त्री, बैंकर, उद्योगपति, व्यवसायीद्वारा प्रवर्द्धित जीवन बीमा कम्पनी हो । यो कम्पनी मिति २०६४ आषाढ १८ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा समितिबाट मिति २०७४ भाद्र १५ गते जीवन बीमा व्यवसाय सञ्चालन अनुमति पाई सोही मितिबाट कारोबार गर्दै आएको छ । यस कम्पनीले व्यक्ति सुहाउँदो विभिन्न किसिमको नयाँ-नयाँ जीवन बीमा योजनाहरूलाई जनमानसमा बिक्री गर्ने र देशभरि नै आफ्नो उपस्थिती जनाउने लक्ष्य लिएको छ । कम्पनीले हालसम्म रिलायबल सावधिक जीवन बीमा योजना, रिलायबल अग्रिम भुक्तानी जीवन बीमा योजना, रिलायबल उच्च शिक्षा जीवन बीमा योजना, रिलायबल धनपति जीवन बीमा योजना, रिलायबल म्यादी जीवन बीमा योजना, रिलायबल बैदेशिक रोजगार म्यादी बीमा योजना, रिलायबल म्यादी लघु जीवन बीमा योजनाहरू संचालनमा ल्याइ सकेको छ । कम्पनीले विश्वविख्यात पुनर्बीमा कम्पनी ह्यानोभर रि लाइफ रि-इन्स्योरेन्स कम्पनी लि. जर्मनी र नेपाल रि-इन्स्योरेन्स कम्पनी लि., नेपालसँग पुनर्बीमा सम्बन्धी सम्झौता गरिसकेको छ ।

परिकल्पना (Vision) तथा अभियान (Mission)

१. परिकल्पना (Vision)

जीवन बीमा क्षेत्रमा आर्थिक सुरक्षा तथा समुन्नतीको लागि नेपालीहरूको पहिलो रोजाईको कम्पनी हुने ।

२. अभियान (Mission)

व्यक्ति तथा संस्था सुहाउँदो विभिन्न प्रकारका नयाँ जीवन बीमा योजनाहरू जारी गर्ने, देशव्यापी रूपमा शाखा सञ्जाल विस्तार गरी बीमाको पहुँच विस्तार गर्ने, नविनतम सूचना प्रविधि प्रयोग गरी ग्राहकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने ।

संचालक समितिको
वार्षिक प्रतिवेदन

प्रथम वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन :

आदरणीय शेयरधनी महानुभावहरू,

यस रिलायवल नेपाल लाईफ इन्योरेन्स लिमिटेडको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरू एवं अतिथि महानुभाबहरूलाई संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु ।

यस इन्योरेनसको आ.व. ०७३/०७४ को वार्षिक प्रतिवेदन यस गरिमामय सभा मार्फत यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा म साह्रै हर्षित भएको छु । मिति २०६४/०८/१८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७४/०५/१५ मा बीमा समितिबाट इजाजतपत्र प्राप्त भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४/०५/१६ मा कारोवार गर्न इजाजत प्राप्त गरी सो मितिबाट कम्पनीको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाडौंबाट व्यवसायीक कारोवार संचालन गरी यथा समयमा प्रथम वार्षिक साधारण सभा गर्न पाएको हुँदा हामी संचालक समितिका पदाधिकारी हर्षित भएका छौं ।

रिलायवल नेपाल लाईफ इन्योरेन्स लिमिटेडमा तपाई हामीले गरेको लगानी भनेको दीर्घकालीन लगानी हो । यसवाट निकट भविष्यमा राम्रो प्रतिफल आउनेनै छ । त्यसैले पनि संचालक समिति सधैं नै संस्थागत सुशासन, ऐन, नियम र बीमा समितिबाट जारी भएको निति निर्देशनको पूर्ण पालनामा प्रतिबद्ध रहदै आएको छ । संचालक, संस्थापक र कर्मचारीबाट हुन सक्ने उल्लंघन प्रति अत्यन्तै शर्तकता पुर्वक शुन्य सहनशिलता (Zero Tolerance) को नीति अवलम्वन गरी सोही अनुरूप व्यबसाय बिस्तार गर्न बीमा समितिबाट समय समयमा निर्देशन समेत प्राप्त भई रहेको छ ।

शेयरधनी महानुभावहरूको सहयोग र सद्भावबाट आजको यस प्रथम वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न हुनेछ भन्ने विश्वास लिएको छु । नियमनकारी निकायको निर्देशन बमोजिम साविक कायम रहेको अधिकृत पूँजी ५० करोडबाट वृद्धि भई २ अर्व २० करोड कायम भएको र साविक चुक्ता पूँजी १७ करोड ५० लाखबाट वृद्धि भइ १ अर्व ४० करोड कायम भई सो को स्वीकृति कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४/०१/१९ मा भई सकेको जानकारी यहाँहरूलाई जानकारी गराउन चाहन्छु । यस वार्षिक सधारण सभाबाट पारित गरिने समान्य प्रस्ताव र विशेष प्रस्ताव उपर बृहत छलफल गरी पारित गरिदिनु हुनेछ भन्ने कुरामा विश्वास लिएको छु ।

अव म यस प्रथम वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट आ.व. ०७३/०७४ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगाएत सम्पूर्ण आर्थिक विवरण तथा संचालक समितिको प्रतिवेदन समेत यो गरिमामय सभामा स्विकृतीको लागि प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(१) आर्थिक वर्ष २०७३/०७४ को कम्पनीको कारोबारको समिक्षा :

क) वित्तीय स्थितीः

रिलायवल नेपाल लाईफ इन्योरेन्स लिमिटेडको आ.व. २०७३/०७४ को वित्तीय स्थिती निम्न अनुसारको छ :

वासलात

विवरण	अनुसूची	३१ आषाढ २०७४	३१ आषाढ २०७३
श्रोत (Sources)			
शेयर पूँजी	१	१,१५१,१७१,०००.००	–
शेयरको लागि अग्रीम रूपमा प्राप्त रकम		–	३,१००,०००.००
संचित नाफा/नोक्सान		५,०९६,६१२.५४	(९८९,८५३.००)
कुल श्रोत		१,१५६,२६७,६१२.५४	**२,११०,१४७.००**
उपयोग (Utilization)			
१. स्थिर सम्पत्ती (खुद)	२	**६११,८३७.००**	**११,७३१.००**
२. लगानी (मुद्दति खातामा)	३	**१,११०,०००,०००.००**	–
३. चालु सम्पत्ती			
नगद तथा बैंक मौज्दात	४	३९,३६३,५२२.३७	२,००२.००
अग्रिम आयकर (व्यबस्था घटाए पश्चात)	५	२५७,८२७.९७	(७७,३५८.००)
प्राप्त हुनुपर्ने व्याज (AIR)		२,३५८,०८२.१९	–
अन्य सम्पत्ती/पेश्की		११७,३०१.००	–
जम्मा चालु सम्पत्ति (क)		**४२,०९६,७३३.५३**	**(७५,३५६।००)**
४. चालु दायित्व			
भुक्तानी हुन बाँकी लेखापरीक्षण/सर्टीफिकेशन शुल्क		१६७,२५०.००	९१,०००.००
भुक्तानी हुन बाँकी टि.डि.एस.	६	२१८,६००.००	४०,५७०.००
अन्य भुक्तानी हुन बाँकी रकम		१५६,०७४.९९	–
जम्मा चालु दायित्व (ख)		**५४१,९२४.९९**	**१३१,५७०.००**
खुद चालु सम्पत्ती (ग) = (क) – (ख)		**४१,५५४,८०८.५४**	**(२०६,९२६.००)**
५. पूर्व सञ्चालन खर्च	७	४,१००,९६७.००	२,३०५,३४२.००
कूल उपयोग (१+२+३-४+५)		**१,१५६,२६७,६१२.५४**	**२,११०,१४७.००**

ख) नाफा नोक्सानको विवरण

नाफा नोक्सान हिसाब

विवरण	अनुसूची	यस वर्ष	गत वर्ष
आम्दानी			
व्याज आम्दानी		-	-
अन्य आम्दानी		८,३७१,०१२.०४	-
जम्मा आम्दानी (क)		**८,३७१,०१२.०४**	**-**
खर्च			
प्रशासनिक खर्च	८	१,५९२,२४०.९८	१३२,६३७.००
ह्रास कट्टी अघिको नाफा/(नोक्सानी)		**६,७७८,७७१.०६**	**(१३२,६३७.००)**
ह्रास कट्टी	२	४८,१९४.००	३,९११.००
आयकर व्यबश्था अघिको नाफा/(नोक्सानी)		**६,७३०,५७७.०६**	**(१३६,५४८.००)**
आयकर व्यवस्था		६४४,१११.५२	२,०३७.००
खुद नाफा/(नोक्सानी)		**६,०८६,४६५.५४**	**(१३८,५८५.००)**
गत बर्ष सम्मको संचित मुनाफा		(९८९,८५३.००)	(८५१,२६८.००)
वासलातमा सारीएको संचित मुनाफा		**५,०९६,६१२.५४**	**(९८९,८५३.००)**

(२) कार्यालय सञ्जाल र विकास :

कम्पनीको कारोवार सहितको केन्द्रीय कार्यालय ज्ञानेश्वर काठमाडौंमा रहेको र यसका कारोवार संचालनमा आएका तथा संचालनमा आउने तयारीमा रहेका शाखा सञ्जालहरू यस प्रकार रहेका छन् ।

शाखा : ८ वटा

पुतलिसडक, पोखरा, बुटवल, नारायणगढ, नेपालगंज, धनगढी, विराटगगर र बिर्तामोड ।

उपशाखा : १६ वटा

चाबहिल, कलंकी, बालाजु, कोटेश्वर, जाउलाखेल, भक्तपुर, मन्थली, बर्दिबास, जनकपुर, धरान, वीरगंज, महेन्द्रनगर, लमजुङ्ग, वाग्लुङ्ग, दिक्तेल र हेटौंडा ।

चाँडो संचालनमा आउने तयारीमा रहेका उपशाखा : १४ वटा

बनेपा, लाहान, कावासोती, भैरहवा, चन्द्रौटा, तम्घास, दाङ्ग, धादिङ्ग, दमौली, ईलाम, गुलरिया, सुर्खेत, गाईघाट र भोजपुर ।

(३) मानव संशाधन ब्यबस्थापन :

इन्योरेन्सको समग्र संयन्त्रलाई समयानुकुल गर्दै लाने सन्दर्भमा संस्थामा कार्यरत कर्मचारीहरूको दक्षता, सिप र लगनशिलताका साथै ब्यवसायिक ब्यवहारको ठूलो भूमिका रहने हुनाले सो को लागि मानव संशाधनलाई अझ सुदृढ गरी कर्मचारीहरूमा समयानुकुल सिप, दक्षता तथा ब्यवसायिकता अभिवृद्धि गर्दै लैजानु पर्ने संचालक समितिको धारणा रहेको छ । भविष्यमा आफ्नो कारोबारको दायरा तथा क्षेत्रलाई फराकिलो पार्दै लग्नु पर्ने, ग्राहकहरूलाई प्रभावकारी सेवा प्रदान गर्न कर्मचारीहरूलाई उत्प्रेरित गर्दै समय समयमा तालिम प्रदान गर्दै लानु पर्ने, प्रतिस्पर्धी वातावरणमा समयानुकुल प्रविधिहरू अपनाई नयाँ नयाँ प्रतिस्पर्धी सेवा तथा सुविधाहरूको विकास गर्दै लग्नु पर्ने तथा ग्राहक सेवामुखी नीतिहरूको निर्माण गरी लागू गर्दै लग्नु पर्ने तथ्यलाइ हृदयगंम गरि अगाडि बढनु पर्ने संचालक समितिको धारणा रहेको छ ।

(४) पूँजीको समूहगत शेयर स्वामित्व सम्बन्धमा :

यस इन्योरेन्सको अधिकृत पूँजी ५० करोड बाट वृद्धि भई २ अर्व २० करोड कायम भएको, जारी पूँजी २५ करोडबाट वृद्धि भई २ अर्व कायम भएको र साविक चुक्ता पूँजी १७ करोड ५० लाख बाट वृद्धि भइ १ अर्व ४० करोड कायम भई सो को स्वीकृति कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिती २०७४/०१/१८ मा भई सकेकोले हाल कम्पनीमा कायम रहेका २७५ जना शेयरधनी सदस्यज्यूहरूलाई कुल चुक्ता पूँजीको ७०% (सत्तरी प्रतिशत) शेयर वापतको रकम बाँडफाँड भई सो वापतको रकम कम्पनीमा दाखिला भई सकेको अवस्था छ । चुक्ता पूँजीको बाँकी रहेको ३०% (तीस प्रतिशत) पूँजीको शेयर सर्वसाधारणहरूलाई छुट्टाएको ब्यहोरा समेत जानकारी गराउँछु ।

(५) संस्थागत सुशासन :

संस्थागत सुशासन कुनैपनि संस्था संचालनार्थ एक अभिन्न अंग हो भन्नुमा दुईमत नहोला । सोही मूल्य, मान्यतालाई आत्मासाथ गरि यसका मुलभूत मान्यताहरू, जबाफदेहिता, पारदर्शिता र ईमान्दारितालाई कम्पनीले सदैब पालना गर्दै आएको छ । बीमा समिति तथा अन्य नियमनकारी निकायबाट निर्धारण गरिएका सूचना तथा प्रतिवेदनहरू सरोकारवाला निकायहरूसंग समयमा नै पेश गर्नुका साथै प्रचलित कानून बमोजिम सूचना तथा प्रतिबेदनहरू समेतलाई बेवसाईडमा राख्दै आएको छ । यसै गरी इन्योरेन्सले बिमा समिति तथा अन्य नियमनकारी निकायहरूले आयोजना गर्दै आएको सभा, कार्यशाला गोष्ठी, सेमिनार तथा प्रशिक्षण कार्यक्रममा समेत आफ्नो बाक्लो प्रतिनिधित्व गराउँदै आएको छ ।

बीमा ऐन र नियमावली २०४९ तथा बीमा समितिद्धारा जारी एकिकृत निर्देशन तथा परिपत्रहरूको अक्षरसः पूर्ण पालना गरिएको छ । बाह्य लेखापरिक्षण प्रतिवेदनमा औल्याइएका सुझाब तथा निर्देशनहरूको यस कम्पनीले सदैव पालना गरिने छ । संस्थागत सुशासनलाई सदैव पालना गर्न संचालक समिति र ब्यबस्थापन पूर्ण प्रतिवद्ध छ र रहनेछ । कम्पनीको कारोवारको बृद्धि संगै संस्थागत शुसासन, आन्तरिक नियन्त्रण, विभिन्न जोखिम ब्यवस्थापनलाई अझ बढि प्रभावकारी बनाउन आवश्यकता अनुसार दक्ष विशेषज्ञहरूको सेवा लिई समयानुकुल नीति तथा प्रकृयागत निर्देशिकाहरू तर्जुमा गर्ने कार्य शुरूवात गरीएको छ ।

(६) संस्थागत सामाजिक उत्तरदायित्व :

समय सापेक्ष रूपमा कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व वहनमा योगदान गर्नेनै छ ।

(७) संचालक समिति :

कम्पनीको नियमावलीको नियम २७ नं. बमोजिम हाल कायम रहेको ६ जना संचालकहरू मध्ये निर्वाचन नभए सम्मको लागी हाल ४ जना संस्थापक समुहबाट छनौट हुनु भएको संचालकहरू र ऐ. नियमावलीको नियम २९ नं. बमोजिम संचालक समितिले नियुक्ती गर्न सक्ने २ जना स्वतन्त्र संचालकहरू समेत गरी संचालक समितिको संख्या निम्न वमोजिम ६ जना रहेको छ ।

क्र.स.	संचालकको नाम	पद	कैफियत
१.	राजु कुमार शिवाकोटी	अध्यक्ष	स्वतन्त्र समुह
२.	डा. इन्दिरा श्रेष्ठ मास्के	सदस्य	संस्थापक समुह
३.	श्रीराम ढकाल	सदस्य	स्वतन्त्र समुह
४.	इन्द्र प्रसाद शर्मा	सदस्य	संस्थापक समुह
५.	गौरव अग्रवाल	सदस्य	संस्थापक समुह
६.	प्रो.डा. प्रकाश भट्टराई	सदस्य	संस्थापक समुह

(८) कारोवारलाई असर पार्ने मुख्य कुराहरू :

बीमा सेवालाई विद्यमान आन्तरीक तथा बाह्य तत्वहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर गरिरहेको हुन्छ सो कारोवारलाई असर पार्न सक्ने विभिन्न विषयहरूलाई निम्नानुसार उल्लेख गरीएको छ ।

क) एकै पटक धेरै जीबन वीमा कम्पनीहरू बिस्तारका कारण उत्पन्न प्रतिस्पर्धा ।

ख) देशको अस्थिर राजनैतिक परिबेशबाट सिर्जित प्रतिकुल परिस्थिती ।

ग) लगानीमा भएको क्षेत्रगत संकुचन ।

घ) तरलताको कारणबाट लगानीको ब्याजदरमा हुने परिवर्तन ।

ङ) पूँजी पर्याप्त नहुनु ।

च) भौगोलिक तथा प्राविधिक कठिनाई ।

छ) दक्ष कर्मचारीको अभाव ।

ज) जनमानसमा वीमा सम्बन्धी जनचेतनाको कमी ।

झ) नेपालीहरूको प्रतीब्यक्ती आय (Per Capita Income) न्युन हुनु ।

(९) लेखापरीक्षकको प्रतिबेदनका कैफियत उपर संचालक समितिको प्रतिक्रिया :

लेखापरिक्षण प्रतिवेदनमा यस अवधिमा नीतिगत तथा संस्थाको कारोवारमा असर पर्ने किसिमका कुनै कैफियतहरू उल्लेख भएको छैन ।

(१०) लाभांश :

यस कम्पनीले हालै मिति २०७४/०५/१६ गते बाट कारोवार संचालन गर्ने इजाजत प्राप्त गरी कारोवार गर्दै आएको हुनाले हाल लाभाँश वितरणका लागि सिफारिस गरिएको छैन ।

हार्दिक कृतज्ञता ज्ञापन :

अन्त्यमा, यस कम्पनीलाई आजको यस अवस्थासम्म ल्याई पुऱ्याउन अनवरत रूपमा जुटिरहनु भएका संचालक साथिहरू, कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरू, नियमनकारी निकाय, ग्राहक बर्गहरू, शुभेच्छुक, सहयोगी तथा कम्पनी ब्यवस्थापनमा रही महत्वपूर्ण योगदान गर्दै आउनुभएका ब्यवस्थापन समुह एवं सम्पूर्ण कर्मचारीहरूवाट प्राप्त सहयोग प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । आगामी दिनमा पनि बिगतको जस्तै निरन्तर सहयोग एवं सुझावको अपेक्षा राख्दछु । अन्त्यमा, पूनः एक पटक कम्पनीको प्रथम वार्षिक साधारण सभाको प्रतिवेदन स्वीकृत गरिदिनु हुनको लागि यहाँहरू समक्ष हार्दिक अनुरोध गर्दछु । धन्यवाद !

संचालक समितिको तर्फबाट
राजु कुमार शिवाकोटी
अध्यक्ष
मितिः २०७४/०९/२८

जी एण्ड जी एसोसिएट्स
G & G Associates
Chartered Accountants

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडका

शेयरधनी महानुभावहरू समक्ष
लेखापरीक्षकको प्रतिवेदन

१. **वित्तीय विवरण उपर प्रतिवेदन** :

हामीले रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको यसै साथ संलग्न २०७४ साल आषाढ ३१ गतेको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत् सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

प्रचलित कानुन अनुसार नेपाल लेखामान अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी ब्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुन सक्ने सारभूत त्रुटि रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपयुक्त लेखा नीतिहरूको छनोट तथा लागु गर्ने कार्य एवं परिस्थिती अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षकको जिम्मेवारी :

ब्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तब्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रूपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तद अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणहरूमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरूलाई पुष्ट्याई गर्ने प्रमाणको परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेका लेखा सिद्धान्त, ब्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरू :

स्थिर सम्पत्ति

“अनुसूचि ८ लेखा सम्बन्धी प्रमुख नीति तथा टिप्पणी” को बुंदा नं. १(ग) मा उल्लेख गरिए अनुसार कम्पनीले आयकर ऐन २०५८ ले तोकेको दर तथा प्रक्रिया अनुसार स्थिर सम्पत्तिको ह्रास कट्टी गरेको छ, जुन नेपाल लेखामान ६ - स्थिर सम्पति अनुसार छैन । नेपाल लेखामान ६ अनुसार ब्यवस्थापनले स्थिर सम्पत्तिको प्रयोग योग्य आयु अनुमान गरी सो अवधिमा ह्रास योग्य रकमको ह्रासकट्टी गर्नुपर्दछ ।

पूर्व संचालन खर्च

वित्तीय विवरणको लेखा सम्बन्धी प्रमुख नीति तथा टिप्पणीको बुंदा नं. २(घ) मा उल्लेख गरिए अनुसारको पूर्व संचालन खर्च रू. ४१,००,८६७.०० लाई नेपाल लेखामानको Framework अनुसार सम्पत्ती लेखाङ्कन गर्न नमिल्ने देखिन्छ ।

स्थगन कर :

वित्तीय विवरणको लेखा सम्बन्धी प्रमुख नीति तथा टिप्पणीको बुंदा नं. २(ङ) मा उल्लेख गरिए अनुसार कम्पनीले नेपाल लेखामान ८ - आयकर अनुसारको स्थगन करको लेखांकन गरेको छैन ।

कैफियत सहितको राय :

हाम्रो विचारमा, अनुच्छेद "कैफियत सहितको राय व्यक्त गर्ने आधार" मा उल्लेख गरिएको व्यहोराले वित्तीय विवरणमा पर्ने असर बाहेक, प्रस्तुत वित्तीय विवरणले, नेपाल लेखामान अनुसार, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको २०७४ साल आषाढ ३१ गतेको वित्तीय स्थिति, संचालन नतिजा तथा नगद प्रवाहको उचित एवं यथार्थ चित्रण गर्दछ ।

व्यहोराको ध्यानाकर्षण :

हामी वित्तीय विवरणको लेखा सम्बन्धी प्रमुख नीति तथा टिप्पणीको बुंदा नं. २(ख) तर्फ ध्यानकर्षण गर्दछौं जहाँ कम्पनीले वासलातको मिति पश्चात बाँडफाँड भएको भएता पनि शेयर पूँजीका लागि माग गरिएको रकमलाई चुक्ता पूँजी भनी प्रस्तुत गरेको छ । उक्त विषय उपर हाम्रो मन्तब्यमा कैफियत रहेको छैन ।

कम्पनी ऐन २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन :

हाम्रो लेखापरीक्षण तथा हामिलाई प्राप्त स्पष्टिकरणको आधारमा देहाय बमोजीम प्रतिवेदन पेश गर्दछौं ।

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरण प्राप्त भएका छन् ।

ख) कम्पनीका हिसाव किताव तथा श्रेस्ता प्रचलित कानुन वमोजिम ठीकसँग राखिएका छन् ।

ग) संलग्न वासलात, आय विवरण र नगद प्रवाह विवरण कम्पनीको लेखासँग दुरूस्त छन् ।

घ) कम्पनीको संचालक समिति, प्रतिनिधि कुनै सदस्य वा कम्पनीका कुनै कर्मचारीले लेखा सम्बन्धी कानुनी व्यवस्था विपरीत कामकाज वा कम्पनीको हानी नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

सि.ए. विजय राज घिमिरे
साझेदार
जी एण्ड जी एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७४/०८/०३
स्थान : काठमाण्डौं ।

२०७४ साल आषाढ मसान्तको
वासलात

विवरण	अनुसूची	३१ आषाढ २०७४	३१ आषाढ २०७३
श्रोत (Sources)			
शेयर पूँजी	१	१,१५१,१७१,०००.००	–
शेयरको लागि अग्रीम रूपमा प्राप्त रकम		–	३,१००,०००.००
संचित नाफा/नोक्सान		५,०९६,६१२.५४	(९८९,८५३.००)
कुल श्रोत		१,१५६,२६७,६१२.५४	**२,११०,१४७.००**
उपयोग (Utilization)			
१. स्थिर सम्पत्ती (खुद)	२	**६११,८३७.००**	**११,७३१.००**
२. लगानी (मुद्दति खातामा)	३	**१,११०,०००,०००.००**	**–**
३. चालु सम्पत्ती			
नगद तथा बैंक मौज्दात	४	३९,३६३,५२२.३७	२,००२.००
अग्रिम आयकर (व्यबस्था घटाए पश्चात)	५	२५७,८२७.९७	(७७,३५८.००)
प्राप्त हुनुपर्ने व्याज (AIR)		२,३५८,०८२.१९	–
अन्य सम्पत्ती/पेश्की		११७,३०१.००	–
जम्मा चालु सम्पत्ति (क)		**४२,०९६,७३३.५३**	**(७५,३५६।००)**
४. चालु दायित्व			
भुक्तानी हुन बाँकी लेखापरीक्षण/सर्टीफिकेशन शुल्क		१६७,२५०.००	९१,०००.००
भुक्तानी हुन बाँकी टि.डि.एस.	६	२१८,६००.००	४०,५७०.००
अन्य भुक्तानी हुन बाँकी रकम		१५६,०७४.९९	–
जम्मा चालु दायित्व (ख)		**५४१,९२४.९९**	**१३१,५७०.००**
खुद चालु सम्पत्ती (ग) = (क) – (ख)		**४१,५५४,८०८.५४**	**(२०६,९२६.००)**
५. पूर्व सञ्चालन खर्च	७	४,१००,९६७.००	२,३०५,३४२.००
कूल उपयोग (१+२+३-४+५)		१,१५६,२६७,६१२.५४	२,११०,१४७.००

प्रमुख लेखा नीति तथा टिप्पणीहरू ८

अनुसुची १ देखि ८ सम्म वित्तीय बिवरणका अभिन्न अगंहरू हुन ।

२०७३ श्रावण १ गतेदेखि २०७४ साल आषाढ मसान्तसम्मको
नाफा नोक्सान हिसाब

विवरण	अनुसूची	यस वर्ष	गत वर्ष
आम्दानी			
व्याज आम्दानी		-	-
अन्य आम्दानी		८,३७१,०१२.०४	-
जम्मा आम्दानी (क)		**८,३७१,०१२.०४**	**-**
खर्च			
प्रशासनिक खर्च	८	१,५९२,२४०.९८	१३२,६३७.००
ह्रास कट्टी अधिको नाफा/(नोक्सानी)		**६,७७८,७७१.०६**	**(१३२,६३७.००)**
ह्रास कट्टी	२	४८,१९४.००	३,९११.००
आयकर व्यबश्था अधिको नाफा/(नोक्सानी)		**६,७३०,५७७.०६**	**(१३६,५४८.००)**
आयकर व्यबश्था		६४४,१११.५२	२,०३७.००
खुद नाफा/(नोक्सानी)		**६,०८६,४६५.५४**	**(१३८,५८५.००)**
गत बर्ष सम्मको संचित मुनाफा		(९८९,८५३.००)	(८५१,२६८.००)
वासलातमा सारीएको संचित मुनाफा		**५,०९६,६१२.५४**	**(९८९,८५३.००)**

प्रमुख लेखा नीति तथा टिप्पणीहरू ९

अनुसुची १ देखि ९ सम्म वित्तीय बिवरणका अभिन्न अगंहरू हुन ।

२०७३ श्रावण १ गतेदेखि २०७४ साल आषाढ मसान्तसम्मको
नगद प्रवाह विवरण

विवरण	यस वर्ष	गत वर्ष
क) सञ्चालन गतिविधिको नगद प्रवाह		
आयकर तथा असाधारण आम्दानी खर्च अगाडिको खुद नाफा/(खुद नोक्सानी)	६,७३०,५७७.०६	(१३६,५४८.००)
समायोजन		
ह्रास कट्टी	४८,१९४.००	३,९११.००
कार्यशिल पूँजी परिबर्तन अघिको संचालन नगद प्रबाह	**६,७७८,७७१.०६**	**(१३२,६३७.००)**
चालु सम्पत्तीमा भएको कमी/(बृद्धि)	(३,४५४,६८०.६८)	-
चालु दायित्वमा भएको बृद्धि/(कमी)	४१०,३५४.९९	३०,३२५.००
संचालन गतिबिधिबाट खुद नगद प्रवाह (क)	**३,७३४,४४५.३७**	**(१०२,३१२.००)**
(ख) लगानी गतिविधिको नगद प्रवाह		-
स्थिर सम्पत्ती खरिद	(६४८,३००.००)	(२९२,५००.००)
पूर्व सञ्चालन खर्च	(१,७९५,६२५.००)	-
लगानी (मुद्दती खातामा)	(१,११०,०००,०००|००)	
स्थिर सम्पत्ति बिक्री रसमायोजन	-	-
लगानी गतिबिधिबाट खुद नगद प्रबाह (ख)	**(१,११२,४४३,९२५.००)**	**(२९२,५००.००)**
(ग) वित्तीय गतिविधिको नगद प्रवाह		
शेयर पूँजीको निष्काशन	१,१४८,०७१,०००.००	-
शेयरको लागि अग्रीम रूपमा प्राप्त रकम	-	३९५,०००.००
वित्तीय गतिबिधिबाट खुद नगद प्रबाह (ग)	**१,१४८,०७१,०००.००**	**३९५,०००.००**
नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग)	३९,३६१,५२०.३७	१८८.००
बर्षारम्भमा नगद तथा बैंक मौज्दात	२,००२.००	१,८१४.००
बर्षान्तमा नगद तथा बैंक मौज्दात	**३९,३६३,५२२.३७**	**२,००२.००**

प्रमुख लेखा नीति तथा टिप्पणीहरू ८

अनुसुची १ देखि ८ सम्म वित्तीय बिवरणका अभिन्न अगंहरू हुन ।

२०७४ साल आषाढ मसान्तको
इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण

विवरण	शेयर पुंजी	शेयरको लागी अग्रीम रुपमा प्राप्त रकम	संचित नाफा नोक्सान	कुल रकम
शुरू मौज्दात	-	३,१००,०००.००	(९८९,८५३.००)	२,११०,१४७.००
समायोजन प्रस्तुत वर्षको खुद नाफा/नोक्सान	-	-	६,०८६,४६५.५४	६,०८६,४६५.५४
शेयरको लागि अग्रीम रूपमा प्राप्त रकम शेयरमा सारिएको		(३,१००,०००.००)	-	(३,१००,०००.००)
शेयर पूँजीको निष्काशन	१,१५१,१७१,०००.००			१,१५१,१७१,०००।००
अन्तिम मौज्दात	**१,१५१,१७१,०००.००**	**-**	**५,०९६,६१२.५४**	**१,१५६,२६७,६१२.५४**

प्रमुख लेखा नीति तथा टिप्पणीहरू ८

अनुसुची १ देखि ८ सम्म वित्तीय बिवरणका अभिन्न अगंहरू हुन ।

अनुसुचीहरू वित्तीय बिवरणका अभिन्न अगंहरू हुन

विवरण	यस वर्ष	गत वर्ष
अनुसूची - १		
शेयर पूँजी		
अधिकृत पूंजी		
रू.१००।- दरले २२,000,000.00 थान साधारण शेयर	२,२००,०००,०००.००	५००,०००,०००.००
जारी पूँजी		
रू.१००।- दरले २0,000,000.00 थान साधारण शेयर	२,०००,०००,०००.००	२५०,०००,०००.००
चुक्ता पूँजी		
रू.१००।- दरले १४,000,000.00 थान साधारण शेयर	१,४००,०००,०००.००	–
घटाउने : प्राप्त हुन बाँकी रकम (Calls in Arrears)	२४८,८२९,०००.००	
खुद	**१,१५१,१७१,०००.००**	**–**
अनुसूची ३		
लगानी (मुद्दती खातामा)		
सिद्धार्थ बैंक लिमिटेड, न्युरोड शाखा	२९०,०००,०००.००	–
ग्लोबल आइएमई बैंक लिमिटेड, बिरगंज शाखा	१५०,०००,०००.००	–
ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ शाखा	१७०,०००,०००.००	–
माछापुच्छ्रे बैंक लिमिटेड	१३०,०००,०००.००	–
नेपाल बङ्गलादेश बैंक लिमिटेड	१००,०००,०००.००	–
कुमारी बैंक लिमिटेड	१५०,०००,०००.००	–
ग्लोबल आइएमई बैंक लिमिटेड, सुन्धारा शाखा	१२०,०००,०००.००	–
जम्मा	**१,११०,०००,०००.००**	**–**
अनुसूची ४		
नगद तथा बैंक मौज्दात		
ग्लोबल आइएमई बैंक लिमिटेड, सुन्धारा शाखा	१३,९८८,३९०.०३	–
ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ शाखा	२,४७३,५५६.१६	–
माछापुच्छ्रे बैंक लिमिटेड	८०१,०००.००	–
आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	२०,०६७,२७७.०२	–
सिद्धार्थ बैंक लिमिटेड, न्युरोड शाखा	१,६१८,५८६.८३	–
नेपाल बङ्गलादेश बैंक लिमिटेड	४११,७१२.३३	–
कुमारी बैंक लिमिटेड	३,०००.००	–
नगद मौज्दात	–	२,००२.००
जम्मा	**३९,३६३,५२२.३७**	**२,००२.००**
अनुसूची ५		
अग्रिम आयकर (व्यबस्था घटाए पश्चात)		
न्याजमा कट्टी भएको टि.डि.एस	९०१,९३९.४९	–
घटाउने : आयकर न्यबस्था	(६४४,१११.५२)	(७७,३५८.००)
खुद	**२५७,८२७.९७**	**(७७,३५८.००)**

स्थीर सम्पत्तिको विवरण २०७४ साल आषाढ मसान्तको
अनुसूची २

विवरण	ह्रास दर%	परल मोल				ह्रास कट्टी				खुद मोल	
		शुरु मौज्दात	यस वर्ष थपेको	यस वर्ष घटेको	जम्मा	गत वर्षसम्म	यस वर्षसम्म	बिक्री/ समायोजन	जम्मा	यस वर्षसम्म	गत वर्षसम्म
समुह-क भवन	५%	–	–	–	–	–	–	–	–	–	–
समुह-ख कार्यालय सामान तथा फर्निचर	२५%	१५६,२५०.००	१२२,५००.००	–	२७८,७५०.००	१४४,५१९.००	१३,१४१.००	–	१५७,६६०.०० –	१२१,०९०.०० –	११,७३१.०० –
समुह-ग सबारी साधन	२०%	–	५२५,८००.००	–	५२५,८००.००	–	३५,०५३.००	–	३५,०५३.००	४९०,७४७.००	–
जम्मा		१५६,२५०.००	६४८,३००.००	–	८०४,५५०.००	१४४,५१९.००	४८,१९४.००	–	१९२,७१३.००	६११,८३७.००	११,७३१.००

अनुसुचीहरु वित्तीय बिवरणका अभिन्न अगंहरु हुन

विवरण	यस वर्ष	गत वर्ष
अनुसूची ६		
भुक्तानी हुन बाँकी टि.डि.एस.		
टि.डि.एस.- लेखा परीसण शुल्क	१,५००.००	९,०००.००
टि.डि.एस.- सर्टीफिकेशन शुल्क	७५०.००	-
टि.डि.एस.- परामर्श सेवा	१८७,५००.००	२,२५०.००
सामाजीक सुरक्षा कर	८,२०३.००	१६,१२०.००
टि.डि.एस.- पारीश्रमिक	७,१०१.००	-
टि.डि.एस.- कार्यालय/घर भाडा	१२,०००.००	१३,२००.००
टि.डि.एस.- बिज्ञापन शुल्क	१,५४६.००	-
जम्मा	**२१८,६००.००**	**४०,५७०.००**
अनुसूची ७		
पुर्व सञ्चालन खर्च		
सम्भाब्यता अध्ययन तथा ब्याबसायिक योजना खर्च	७१५,०००.००	१५,०००.००
दर्ता तथा नविकरण	१५०,०००.००	१५०,०००.००
मसलन्द खर्च	२८२,८६७.००	२१९,५४२.००
आवेदन शुल्क - बीमा समिति	५०,०००.००	५०,०००.००
पारीश्रमिक तथा भत्ता	१,८७०,८००.००	१,८७०,८००.००
शेयर पूँजी बृद्धी खर्च	४४०,०००.००	-
कर्जा सूचना खर्च	४२,३००.००	-
परामर्श तथा सल्लाह खर्च	३००,०००.००	-
प्रबन्ध पत्र तथा नियमाबली र बिनियमावली तयारी/शंसोधन	२५०,०००.००	-
जम्मा	**४,१००,९६७.००**	**२,३०५,३४२.००**
अनुसूची ८		
प्रशासनिक खर्च		
कार्यालय/घर भाडा	१२०,०००.००	२४,०००.००
लेखा परीक्षण शुल्क	११३,०००.००	१५,०००.००
सर्टीफिकेशन शुल्क	५६,५००.००	-
मसलन्द खर्च	-	२,३६७.००
कर्मचारी/अतिथी सत्कार खर्च	१४८,६५१.५३	२६,९३६.००
यातायात खर्च	१०५,८१८.००	२९,७००.००
लेखा परीक्षणसँग सम्बन्धित खर्च	-	१०,०००.००
बैंक दस्तुर	३,२९०.००	-
पारीश्रमिक तथा भत्ता	८५२,२७५.००	-
बिज्ञापन शुल्क	११६,४१८.००	-
खानेपानी खर्च	१३,२००.००	-
टेलिफोन तथा संचार	१६,७२०.००	-
कार्यालय सरसफाई खर्च	३८,८५०.००	-
विभिन्न खर्च	७,५१८.४५	२४,६३४.००
जम्मा	**१,५९२,२४०.९८**	**१३२,६३७.००**

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड

ज्ञानेश्वर, काठमाण्डौं, नेपाल

अनुसूची ९

प्रमुख लेखा नीतिहरू तथा लेखा टिप्पणीहरू :

कम्पनीको पृष्ठभूमि :

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड कम्पनी ऐन अन्तर्गत २०६४ साल मङ्सीर १८ गते स्थापीत सिमित दायित्व भएको कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाण्डौंमा रहेको छ । जीवन बीमा व्यवसाय संचालन गर्नको लागि कम्पनीले बीमा समितिबाट २०७४ साल भाद्र १५ गते इजाजतपत्र प्राप्त गरी व्यवसायीक कारोबार संचालन गर्दै आइरहेको छ ।

१. प्रमुख लेखा नीतिहरू :

क. वित्तीय विवरण तयारीको आधार

प्रस्तुत वित्तीय विवरण सामान्यतः स्विकार्य लेखा सिद्धान्त, नेपाल लेखामान (NAS), तथा प्रचालित कानुनको अधिनभित्र रही अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अबधारणा र प्रोदभावी (Accrual) आधारमा नेपाली रूपैयाँमा तयार गरिएका छन् ।

ख. स्थिर सम्पत्ती लेखांकन् नीति

स्थिर सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणाको आधारमा, सम्पत्ति प्राप्तिसँग सम्बन्धित खर्चहरू समेत सोही स्थिर सम्पत्तीमा समावेश गरी पूँजीकरण गरिनेछ । स्थिर सम्पति प्रयोगमा नआउँदा सम्मको निर्माण खर्चहरू निर्माणधिन पूँजीगत खर्चमा देखाईनेछ ।

ग. ह्रास कट्टी

आएकर ऐन २०५८ को अनुसूची २ मा उल्लेखित प्रक्रिया तथा दरको आधारमा ह्रास कट्टी गरिने छ ।

घ. आम्दानी लेखांकन्

बीमाशुल्कलाई बीमा ऐन तथा नियमावली बमोजीम नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिनेछ । अन्य आम्दानीलाई छुट (Discount) तथा रिबेटलाई कट्टी गरी खुदमा लेखाङ्कन गरिनेछ ।

ङ. खर्च लेखाङ्कन

खर्चहरूलाई प्रोदभाबी (Accrual) आधारमा लेखाङ्कन गरिनेछ ।

च. व्यवसायीक तथा अन्य प्राप्त हुनुपर्ने रकम

न्यावसायीक तथा अन्य प्राप्त हुनुपर्ने रकमलाई कारोबार रकमको आधारमा लेखाङ्कन गरिनेछ ।

छ. व्याव्सायिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम

न्यवसायीक तथा अन्य भुक्तानी गर्नुपर्ने रकमलाई कारोबार रकमको आधारमा लेखाङ्कन गरिनेछ ।

ज. जिन्सी मौज्दात

जिन्सी मौज्दातलाई पहिलो प्राप्ति तथा पहिलो निष्काशन (FIFO) पद्दती अनुसार लागत तथा बजार मूल्यमा जुन कम हुन्छ सोको आधारमा मूल्याङ्कन गरिनेछ । बजार मूल्यलाई बिक्री मूल्यको आधारमा अनुमान गरिनेछ ।

झ. पूर्व सञ्चालन खर्च

पूर्व सञ्चालन खर्चलाई पूँजीजीकृत गरी कम्पनीको व्यावसायिक कारोबार सञ्चालन भएको आर्थिक वर्षमा खर्चमा लेखाङ्कन (Amortized) गरिनेछ ।

ञ. आयकरको व्यवस्था

आएकर ऐन २०५८ को अनुसुची १ मा उल्लेख गरेको आयकरको दरमा आयकरको व्यवस्था (Provision) गरिनेछ ।

२. लेखा सम्बन्धी टिप्पणीहरू :

क. यस कम्पनी मिति २०६४ साल मंसिर १८ गते दर्ता भएको पब्लिक कम्पनी हो । यस कम्पनीले बीमा समितिबाट मिति २०७४ साल भाद्र १५ गते इजाजतपत्र तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४ साल भाद्र १६ गते व्यावसायिक कारोबार सञ्चालनको लागि स्वीकृती प्राप्त गरेको हो ।

ख. कम्पनीको शेयर पूँजीको विवरण निम्नानुसार छ ।

अधीकृत पूँजी	:	२,२००,०००,०००.००
जारी पूँजी	:	२,०००,०००,०००.००
चुक्ता पूँजी	:	१,४००,०००,०००.००

मिति २०७४ साल जेठ १४ गते बसेको सञ्चालक समितिको निर्णयअनुसार प्रति शेयर रू.१०० का दरले शेयर पूँजीको रकम माग गरीएकोमा आषाढ मसान्त सम्म रू.१,१५१,१७१,०००.०० शेयर पूँजी वापत रकम संकलन भई रू.२४८,८२९,०००.०० उठ्न बाँकी रहेकोमा उक्त बाँकी रकम मिति २०७४/०४/०९ मा संकलन भएपश्चात सञ्चालक समितिको मिति २०७४/०४/११ मा बसेको बैठकको निर्णय अनुसार रू.१,४००,०००,०००.०० बराबरको १४,०००,०००.०० कित्ता शेयर बाँडफाँड भएको छ ।

ग. आयकर व्यवस्था

आयकर ऐन २०५८ को पालना गरी आयकरको व्यवस्था गरिएको छ । कम्पनीको कर योग्य आय निर्धारण गर्दा बिगत सात आर्थिक वर्षको नोक्सानी रकम रू.२,३७४,८७७.०० लाई कट्टी गरी आयकरको व्यवस्था गरिएको छ ।

घ. पूर्व सञ्चालन खर्च

कम्पनीको पूर्व सञ्चालन खर्च रू.४,१००,९६७.०० लाई पूँजीकृत (Capitalized) गरी वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । यस आ.व २०७३/०७४ मा पूर्व सञ्चालन खर्च शिर्षकमा रू.१,७९५,६२५.०० खर्च भएको छ।

ङ. स्थगन कर सम्पत्ति

कम्पनीको संचित नोक्सानीमा स्थगन कर सम्पत्ति (Deferred Tax Assets) लेखाङ्कन गरिएको छैन ।

च. आषाढ मसान्त २०७४ सालसम्म यस कम्पनीको कुनै सम्भावित दायित्व (Contingent Liability) छैन।

छ. गत वर्षको रकमलाई आवश्यकता अनुसार पुनः सामुहीकरण तथा पुनः बर्गीकरण गरिएको छ ।

प्रथम वार्षिक साधारण सभामा प्रस्तावित प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन (तीन महले)

क्र.सं.	साविक व्यवस्था	हालको (संशोधित) व्यवस्था	संशोधन गर्नुको कारण
१	**प्रवन्ध पत्रमा** कुनै व्यवस्था छैन ।	**दफा ४ (१) ड थप गर्ने** ४ (१) ड कम्पनीले कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू एवं रेमिटेन्स कम्पनीहरू संग सहकार्य गरी कम्पनीको शाखा तथा उपशाखाकार्यालयहरुबाट आफ्ना ग्राहकहरूलाई विप्रेषण (Remittance) सेवाको कारोवार गर्ने ।	कम्पनीको कारोवार विस्तार गरी आफ्ना ग्राहकहरूलाई बढी भन्दा बढी सुविधा प्रदान गर्ने उद्देश्य अनुसार ।
२	**नियमावलीमा** नियम १९ (५) (५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरहरू मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।	**नियम १९ (५)** (५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरू मध्ये स्पष्ट बहुमत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।	कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम ।
३	**नियम २३** २३ गणपुरक संख्याः बाँडफाँड भएको कुल शेयर संख्याको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये ७ जना शेयर धनीहरू स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको २५% शेयर को प्रतिनिधित्व हुनेगरी कम्तीमा ३ जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।	**नियम २३** २३ गणपुरक संख्याः बाँडफाँड भएको कुल शेयर संख्याको स्पष्ट बहुमत ५० प्रतिशत भन्दा माथि शेयरधनीहरूको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये ७ जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुनेछैन । तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको २५% शेयरको प्रतिनिधित्व हुनेगरी कम्तीमा ३ जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।	कम्पनीको ऐनको स्पष्ट व्यवस्था बमोजिम ।

क्र.सं.	साविक व्यवस्था	हालको (संशोधित) व्यवस्था	संशोधन गर्नुको कारण
४	**नियम २८** २८ संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्याः- यस कम्पनीको संचालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।	**नियम २८** २८ संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्याः- यस कम्पनीको संचालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १००० थान कित्ता शेयर लिएको हुनुपर्नेछ ।	वार्षिक साधारण सभाको निर्णयबाट संशोधन गर्न आवश्क भएकोले ।
५	**नियम २९(२)** (२) स्वतन्त्र/ब्यवसायीक संचालकको नियुक्तिको लागि सञ्चालक समितिले योग्य ब्यक्तिहरूको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र सञ्चालक नियुक्ति हुने हो सो संख्याको तीन गुणा बढी योग्य ब्यक्तिहरूको नाम स्वतन्त्र सञ्चालको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।	**नियम २९ (२)** (२) स्वतन्त्र / ब्यवसायीक संचालकको नियुक्ति सञ्चालक समितिले नियुक्ति गर्न सक्नेछ र सो नियुक्ति साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।	वार्षिक साधारण सभाको निर्णयबाट संशोधन गर्न आवश्क भएकोले ।

जीवन बीमा योजनाहरू

रिलायबल

सावधिक जीवन बीमा

योजना

विशेषताहरू :

ऐच्छिक सुविधामाबिरामी (Sickness) को कारणबाट अशक्त/अपाङ्ग भएमा दिइने सुविधाहरु समावेश हुने ।

- न्यूनतम प्रवेश उमेर : १६ वर्ष
- अधिकतम प्रवेश उमेर : ६५ वर्ष
- न्यूनतम बीमा अवधि : ५ वर्ष
- अधिकतम बीमा अवधि : ५४ वर्ष
- बीमाशुल्क भुक्तानी तरिका : वार्षिक/अर्ध-वार्षिक/त्रैमासिक
- न्यूनतम बीमाङ्क : रू. ५०,०००/-
- अधिकतम बीमाङ्क : प्रस्तावकको आय, पेशा, स्वास्थ्यको अवस्थामा



.... निश्चित रहनुहोस्

रिलायबल

अग्रिम भुक्तानी जीवन बीमा

योजना

विशेषताहरू :

- न्यूनतम बीमाङ्क रकम : रू. २,००,०००/-
- अधिकतम बीमा□ रकम : प्रस्तावकको आम्दानीको आधारमा ।
- न्यूनतम प्रवेष उमेर : १६ बर्ष
- अधिकतम प्रवेष उमेर : ५५ बर्ष
- अधिकतम परिपक्वता उमेर : ६५ बर्ष
- बीमा अवधी : १०/१२/१४/१६/१८ र २० बर्ष
- बीमाशुल्क भुक्तानी गनुपर्ने अवधी : बीमा अवधी सम्म मात्र ।
- बीमाशुल्क भुक्तानी गर्ने तरिका : वार्षिक/अर्धबार्षिक/त्रैमासिक/मासिक

रिलायबल
उच्च शिक्षा जीवन बीमा
योजना

विशेषताहरू :

- न्यूनतम बीमाङ्क : रू. ५०,०००
- अधिकतम बीमाङ्क : प्रस्तावकको आयमा आधारित हुने
- न्यूनतम प्रवेश उमेर : ० वर्ष
- अधिकतम प्रवेश उमेर : १५ वर्ष
- न्यूनतम बीमा अवधि : १० वर्ष
- अधिकतम बीमा अवधि : २५ वर्ष
- अधिकतम बीमा समाप्ती उमेर : २५ वर्ष
- बीमाशुल्क भुक्तानी तरिका : वार्षिक/अर्धवार्षिक/त्रैमासिक/मासिक

रिलायबल
धनपति जीवन बीमा
योजना

सानो सानो बचत गरी करोडपति बन्ने ईच्छा राख्ने हरेक नेपालीलाई लक्षित गरी रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. ले यो योजना ल्याएको हो ।

विशेषताहरू :

- न्युनतम परिपक्वता मुल्य : रू ५०,००,०००/- (रू. पचास लाख)
- न्युनतम प्रवेश उमेर : १६ बर्ष (अन्तिम जन्म दिवस)
- अधिकतम प्रवेश उमेर : ५५ बर्ष (अन्तिम जन्म दिवस)
- अधिकतम बीमा परिपक्वता उमेर : ६५ बर्ष (अन्तिम जन्म दिवस)
- बीमा अवधी : १० देखी ४० बर्ष
- बीमाशुल्क भुक्तानी अवधी : बीमा अवधी सम्म
- बीमाशुल्क भुक्तानी गर्ने तरिका : बार्षिक/अर्धबार्षिक/त्रैमासिक/मासिक

रिलायबल

म्यादी जीवन बीमा

योजना

Term
Life Insurance

विशेषताहरू :

- न्युनतम प्रवेष उमेर : १८ वर्ष
- अधिकतम प्रवेष उमेर : ६५ वर्ष
- अधिकतम परिपक्वता उमेर : ७० बर्ष
- बीमा अवधी : १ देखी १५ वर्ष
- न्युनतम बीमाङ्क : रू. १०,०००
- अधिकतम बीमाङ्क : रू. २०,००,०००
- कृया खर्च : बीमाङ्कको ४० प्रतिशतले हुने रकम
- मृत्यु लाभ
- कालगतिबाट मृत्यु भएमा : बीमाङ्क रकम बराबर
- दुर्घटनाबाट मृत्यु भएमा : बीमाङ्क र बीमाङ्कको ५० प्रतिशतले हुने थप रकम
- श्रीमान/श्रीमतीको बीमा थप गर्न : सकिने
- स्थाई पुर्ण अशक्तता लाभ : बीमाङ्कको १५० प्रतिशत
- परिपक्वता मुल्य : छैन
- बीमाशुल्क भुक्तानी तरिका : बार्षिक मात्र

रिलायबल

बैदेशिक रोजगार म्यादी जीवन बीमा

योजना

रिलायबल

लघु जीवन बीमा

योजना

टिपोट :

व्यवस्थापन समूह

श्री नारायण वावु लोहनी
प्रमुख कार्यकारी अधिकृत

श्री अगम मुखिया
नायव प्रमुख कार्यकारी अधिकृत

श्री शैलेन्द्र श्रेष्ठ
बरिष्ठ प्रबन्धक
(लेखा तथा वित्त विभाग)

श्री युवराज शर्मा
प्रबन्धक
(दाबी भुक्तानी विभाग)

श्री कल्याणराज हल्वाई
प्रबन्धक
(अण्डरराईटिङ्ग विभाग)

रिलायबल टिम

सुरक्षित जीवन जीउन

जीवन बीमा जरुरी छ

Reliable Life INSURANCE LTD. ... Reliable Forever

Reliable Nepal Life Insurance Ltd.

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालयः ज्ञानेश्वर, काठमाडौं । फोन नं. : ०१-४४२३६१८, ४४२३६३०
फ्याक्स नं. : ०१-४४२३६५७, पो.ब.नं.: १६५, E-mail: info@reliablelife.com.np
URL: www.reliablelife.com.np

रिलायबल धनपति जीवन बीमा योजना

Reliable Life INSURANCE LTD. ... Reliable Forever

Reliable Nepal Life Insurance Ltd.

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालयः ज्ञानेश्वर, काठमाडौं । फोन नं. : ०१-४४२३६१८, ४४२३६३०
फ्याक्स नं. : ०१-४४२३६५७, पो.ब.नं.: १६५, E-mail: info@reliablelife.com.np
URL: www.reliablelife.com.np